# नोभल कोरोनाभाइरस कोभिड 19 बारे टोक्यो महानगरपालिकालमा हुनेहरूलाई निम्न अनुरोध गरेको छ

○ हाल नोभल कोरोनाभाइरस कोभिड-19 बाट संक्रमण हुने व्यक्तिको संख्या धेरै छ। अझै बढ्यो भने खतरानाक हुन्छ। खतरा छ।

○ टोक्यो महानगरपालिकामा आपत्कालीन अवस्थाको घोषणा गरिएको छ। हालको अवस्थामा महत्त्वपूर्ण कुरा भनेको सकेसम्म घरमा बस्ने र घरबाट ननिस्किने हो। मान्छेहरूमा नसार्ने हो। अनि अरूलाई भेट्ने, कुराकानी गर्ने जस्तो कार्यहरू नगर्ने कुरा हो।

○ आपत्कालीन अवस्थाको घोषणाको अर्थ सबैले आफ्नो दैनिक जीवनका गतिविधिहरू परिवर्तन गर्नुहोस् भन्ने हो।

**कहिलेदेखि कहिलेसम्म**

जुन 1 तारिख (मंगलबार) बिहानको 0 बजे देखि जुन 20 तारिख (आइतबार) रातिको 12 बजेसम्म

## अनुरोध

**महानगरपालिकामा बसोबास गर्नेव्यक्ति**

<u>घरमा बस्नुहोस्</u>

○ सकेसम्म घरमा बस्नुहोस्। सकेसम्म घर बाहिर ननिस्किनुहोस्।

○ राती, शनिबार, आइतबार घरमा बस्नुहोस्।

○ टोक्योमा आउने, टोक्योबाट बाहिर जाने नगर्नुहोस्।

**पसल सञ्चालन गर्ने व्यक्ति**

पसल बन्द गर्ने, समय छोटो पार्ने, इभेन्ट आदिबारे अनुरोध गरिएको कुरा

※अर्को पाना हेर्नुहोस्।

一般財団法人
東京都つながり創生財団
Tokyo Metropolitan Foundation "TSUNAGARI"

# अनुरोध गरिने सुविधाहरू

## ●सुविधाको साइजअनुसार फरक छन्

| | सुविधा-उदाहरण | अनुरोध गरिएका कुराहरू |
|---|---|---|
| सुविधा -पसल | डिमार्टमेन्ट स्टोर, सपिङ सेन्टर आदि (दैनिक जीवनको लागि आवश्यक स्टोरहरू बाहेक) | 【1,000㎡ भन्दा फराकिलो सुविधा】 (दैनिक जीवनको लागि आवश्यक स्टोरहरू बाहेक)<br>● सप्ताहन्तबाहेकका दिनहरु : पसल खोल्ने समय : बिहानको 5 बजेदेखि रातिको 8 बजेसम्म<br>पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या कम गराउनुहोस्<br>● शनिबार र आइतबार : बन्द गर्नुहोस्<br>● 【1,000㎡ वा सोभन्दा सानो सुविधा】 (दैनिक जीवनको लागि आवश्यक स्टोरहरू बाहेक)<br>पसल बिहान 5 बजेदेखि 8 बजेसम्म खोल्न सकिन्छ<br>पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या सकेसम्म कम गराउनुहोस् |
| | पाचिन्को पसल, गेम सेन्टर आदि | |
| | व्यक्तिगत कोठा भएको बाथ व्यवसायसँग सम्बन्धित पब्लिक बाथहाउस, व्यक्तिगत कोठा भएको भिडियो पसल आदि | |
| | सुपर पब्लिक बाथ, सोन्दर्य सेवा उद्योग आदि | |
| सुविधा -इभेन्ट | सङ्ग्रहालय, कला सङ्ग्रहालय, चिडियाखाना आदि | ● ग्राहक सङ्ख्या 5,000 वा सो भन्दा कम गराउनुहोस्<br>प्रवेश गर्ने ग्राहक सङ्ख्यालाई अट्ने मान्छेको 50% सम्म गराउनुहोस्<br>● पसल खोल्ने समय<br>○ कुनै इभेन्ट भएको बेला रातिको 9 बजेसम्म<br>○ कुनै पनि इभेन्ट नहुँदा<br>1,000㎡ भन्दा फराकिलो सुविधा : राति 8 बजेसम्म<br>1,000㎡ वा सोभन्दा सानो सुविधा : सम्भव भएमा रातिको 8 बजेसम्म<br>● पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या कम गराउनुहोस् |
| | बेसबल फिल्ड, व्यायामशाला, खेलकुद क्लब आदि | |
| | मुभि थिएटर, थिएटर, मनोरञ्जन हल आदि | |
| | थिम पार्क, मनोरञ्जन पार्क आदि | |
| | सम्मेलन हल, पब्लिक हल आदि | |
| | प्रदर्शनालय, साँस्कृतिक सेन्टर आदि | |
| | होटेल, र्‍योकान (ब्याङ्क्वेट हल मात्र) | |

## अनुरोध गरिने सुविधाहरू (रेस्टुरेन्ट, कफि पसल आदि)

# छुट्टिको लागि अनुरोध गरिने सुविधा ／ खोल्ने समय छोट्याउने अनुरोध गरिने सुविधा

| सुविधा | सुविधा-उदाहरण | अनुरोध गरिएका कुराहरू |
|---|---|---|
| रेस्टुरेन्ट · मनोरञ्जन सुविधा<br>①～③मध्ये कुने पनि अवस्थामा<br>①मदिरा उपलब्ध हुने<br>②ग्राहकले आफ्नो मदिरा आफै ल्याउन पाउने<br>③कारावके हुने | 【रेस्टुरेन्ट】<br>रेस्टुरेन्ट (इजाकाया), कफि पसल आदि<br>（होम डेलिभरी र टेकआवट सेवाबाहेक）<br><br>【मनोरञ्जन सुविधा】<br>काबारेट, स्न्याक बार （cabaret, snack） आदि | छुट्टी लिनुहोस् |
| रेस्टुरेन्ट · मनोरञ्जन सुविधा （कुनै पनि नहुने）<br>①मदिरा उपलब्ध नहुने<br>②ग्राहकले आफ्नो मदिरा आफै ल्याउन नपाउने<br>③कारावके नहुने | | ● पसल खोल्न सकिने समय : राति 8 बजेसम्म<br>● पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या कम गराउनुहोस्<br>● कृपया व्यवसायअनुसारको निर्देशन पछ्याउनुहोस् |
| सभा स्थल | विवाह हल | ● मदिरा उपलब्ध नगराउनुहोस्<br>● ग्राहकले पसलमा मदिरा लिएर जान पनि पाउनेछैन<br>● कारावके नचलाउनुहोस्<br>● हल खुल्ला राख्न सकिने समय : राति 8 बजेसम्म<br>● 「1.5 घण्टासम्म」「50 जनासम्म तथा अट्ने मान्छेको 50％ सम्म」 गर्नुहोस् |